तीनपाटन राजपत्र भाग २,
खण्ड ७, संख्या ३, मितिः २०८०।०४।३२

तीनपाटन गाउँपालिका

तीनपाटन राजपत्र

खण्ड ७ संख्या ३ मितिः २०८०।०४।३२

भाग २

तीनपाटन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाम्पनटार, सिन्धुली, बागमती प्रदेश, नेपाल

तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८० साल श्रावण महिना ३१ गते बसेको बैठकले पारित गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

# विद्यालयमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**गाउँपालिकाका अध्यक्षज्यूबाट प्रमाणीकरण मितिः** २०८०।०४।३१

**प्रस्तावनाः** सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री गाउँपालिका स्थापना गर्न **"विद्यालयमा आमा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ र आर्थिक वर्ष २०८०।०८१ मा कार्यपालिकाले तोकेको कुनै एक सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाल सरकारबाट उपलब्ध हुने दिवा खाजाको रकममा गाउँपालिकाबाट समेत केही रकम थप गरी विद्यार्थीहरुको आमाहरु सम्मिलित समूहलाई प्रोत्साहित गरी उक्त समूहबाटै विद्यालयमा क्यान्टिन सञ्चालन गर्दै स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त खाजा प्रत्येक विद्यार्थीलाई खुवाइने व्यवस्थाको थालनी गरिनेछ भनी तीनपाटन गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (३१) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा ५ ले दिएको अधिकार प्रयोग गरी तीनपाटन गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम **"विद्यालयमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि तीनपाटन राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आमा"** भन्नाले कार्यक्रम लागू भएका विद्यालयमा अध्ययन गरी दिवा खाजा वापतको अनुदान रकम प्राप्त गर्ने विद्यार्थीका आमालाई सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) **"कार्यालय"** भन्नाले तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(घ) **"कार्यविधि"** भन्नाले तीनपाटन गाउँपालिकाको विद्यालयमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई सम्झनुपर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले विद्यालयमा आमा कार्यक्रमलाई सम्झनुपर्छ।

(च) **"गाउँपालिका"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीलाई सम्झनुपर्छ।

(छ) **"विद्यार्थी"** भन्नाले कार्यक्रम लागू भएका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ।

(ज) **"वडा"** भन्नाले कार्यक्रम लागू भएको तीनपाटन गाउँपालिकाको कुनैपनि वडालाई सम्झनुपर्छ।

(झ)**"विद्यालय व्यवस्थापन समिति"** भन्नाले कार्यक्रम लागू भएको विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ञ)**"स्वीकृत बजेट"** भन्नाले विद्यालयमा आमा कार्यक्रमका लागि सभा एवम् कार्यपालिकाद्वारा प्रत्येक आ.व. को लागि विनियोजित बजेटलाई सम्झनुपर्छ।

(ट) **"सभा"** भन्नाले तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभालाई सम्झनुपर्छ।

**३.** **<u>कार्यपालिकाले छनोट गरेको विद्यालयमा कार्यक्रम सञ्चालन गरिने:</u>** विद्यालयमा विद्यार्थी भर्नादर अभिवृद्धि गर्न एवम् त्यसरी भर्ना भएका विद्यार्थीहरुलाई स्थानीयस्तरमा उपलब्ध हुने पोषणमैत्री खाना खुवाउँदै विद्यार्थीको विद्यालय छाड्ने दरमा कमी समेत ल्याउने उद्देश्यका साथ कार्यपालिकाले तोकेको कुनै विद्यालयमा कार्यक्रम सञ्चालन गरिनेछ।

**४.** **<u>विद्यालयले आमाहरु मात्र सम्मिलित हुने गरी भेला आह्वान गर्नुपर्ने:</u>** कार्यक्रम कार्यान्वयनका लागि दफा ३ बमोजिम छनोट भएको विद्यालयले अनुसूची १ बमोजिमको ढाँचामा सार्वजनिक सूचना जारी गरी आमाहरु मात्र सम्मिलित हुने गरी भेला आह्वान गर्नु पर्नेछ।

**५.** **<u>आमाहरुको समूह गठन गर्नुपर्ने:</u>** दफा ४ बमोजिम प्रकाशन हुने सूचना अनुसार उपस्थित हुने आमाहरुको भेलाबाट कार्यक्रम कार्यान्वयनका लागि कम्तीमा पाँचजना आमाहरु रहने गरी सम्बन्धित वडाको वडा अध्यक्षको रोहवरमा आमा समूह गठन गर्नु पर्नेछ।

**६.** **<u>आमा समूह र विद्यालय व्यवस्थापन समितिलाई कार्यक्रमको बारेमा अभिमुखीकरण गरिने:</u>**
(१) दफा ५ बमोजिम गठन हुने आमा समूह र विद्यालय व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरुलाई कार्यक्रमका बारेमा शिक्षा, युवा तथा खेलकुद शाखाले एक दिवसीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने अभिमुखीकरण कार्यक्रममा विद्यालयमा कार्यरत शिक्षक, आमा समूहमा आवद्ध नभएका अन्य आमा र विद्यार्थीहरुलाई समेत आवश्यकता अनुसार सहभागी गराउन सकिनेछ।

**७. क्यान्टिनका लागि विद्यालयले कोठा उपलब्ध गराउनु पर्नेः** यस कार्यविधि बमोजिम गठन हुने आमा समूहले विद्यालयमा सञ्चालन गर्ने क्यान्टिनका लागि विद्यालयले कम्तीमा एउटा कोठा उपलब्ध गराउनु पर्नेछ।

**८. कार्यालयले क्यान्टिन सञ्चालनका लागि आवश्यक पर्ने सामाग्री खरिद गरी आमा समूहलाई उपलब्ध गराउनु पर्नेः** विद्यालयले क्यान्टिन सञ्चालनका लागि उपलब्ध गराएको कोठाको स्थलगत अनुगमन शिक्षा शाखा र सम्बन्धित वडा अध्यक्षले गरी क्यान्टिन सञ्चालनका लागि आवश्यक पर्ने भाँडाकुँडा, चुलो लगायत अन्य आवश्यक सामाग्रीहरु स्वीकृत बजेटबाट कार्यालयले खरिद गरी विद्यालय मार्फत् आमा समूहलाई उपलब्ध गराउनु पर्नेछ।

**९. आमा समूहमा आवद्ध आमाहरुले पालो मिलाएर क्यान्टिन सञ्चालन गर्नुपर्नेः** (१) नेपाल सरकारले दिवा खाजा उपलब्ध गराउने गरी तोकेको लक्षित विद्यार्थीलाई स्थानीयस्तरमा पाइने रैथाने पोषणयुक्त खाना तथा खाजा मात्र विद्यार्थीलाई ख्वाउने गरी आमा समूहमा आवद्ध आमाहरुले हप्तामा कम्तीमा एक पटक सबै आमा सम्मिलित हुने गरी पालो मिलाएर बनाएर ख्वाउनु पर्नेछ।
(२) विद्यालयको क्यान्टिनमा विद्यार्थीहरुलाई जंक फुड ख्वाउन पाइने छैन।

**१०. क्यान्टिनमा खाना/खाजा बनाएर ख्वाउने आमालाई ज्याला उपलब्ध गराइनेः** (१) दफा ९ बमोजिम क्यान्टिनमा खाना तथा खाजा बनाएर विद्यार्थीलाई ख्वाउने आमालाई खाना तथा खाजा ख्वाएको दिन दैनिक तीन सय रुपैंयाका दरले ज्याला स्वीकृत बजेटभित्रबाट कार्यालयले ज्याला उपलब्ध गराउनेछ।
(२) उपदफा (१) बमोजिम आमालाई उपलब्ध गराइने ज्याला रकम प्रत्येक त्रैमासिकमा विद्यालय मार्फत् निकासा गरिनेछ।

**११. सशर्त अनुदान मार्फत् प्राप्त हुने दिवा खाजा वापतको रकममा थप गरिनेः** नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रमका लागि प्रति विद्यार्थी उपलब्ध गराउने दैनिक अनुदान रकममा गाउँपालिकाको तर्फबाट प्रति विद्यार्थी दश रुपैंया अनुदान थप गरी विद्यालयलाई उपलब्ध गराइनेछ।

**१२. कार्यक्रमको अनुगमन गरिनेः** (१) गाउँपालिकाका अध्यक्ष वा गाउँपालिकाका उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा, वडा र सम्बन्धित विद्यालय व्यवस्थापन समितिले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछन्।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समितिले प्रत्येक त्रैमासिकमा अनिवार्यरुपमा कार्यक्रमको अनुगमन गर्नु पर्नेछ।

**१३. विद्यालयले दिवा खाजा कार्यक्रम वापत् प्राप्त हुने रकम आमा समूहलाई उपलब्ध गराउनुपर्नेः** (१) विद्यालय व्यवस्थापन समितिको अनुगमन प्रतिवेदन, विद्यार्थीलाई खाना तथा खाजा ख्वाएको दैनिक अभिलेख र बिल भर्पाई राखी विद्यालयले दफा ११ बमोजिम प्राप्त हुने दिवा खाजा कार्यक्रम वापतको रकम प्रत्येक त्रैमासिकमा आमा समूहलाई उपलब्ध गराउनु पर्नेछ।

**१४. <u>आमा समूहले खाना/खाजा खुवाएको र विद्यालयको अन्य अवस्थाको दैनिक अभिलेख राख्नुपर्नेः</u>** आमा समूहले विद्यालयको क्यान्टिनमा दैनिक खुवाइएको खाना तथा खाजा र विद्यालयसँग सम्बन्धित अन्य अवस्थाको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

**१५. <u>क्यान्टिनमा खुवाइने खाजा तथा खानामा गुणस्तर कायम गर्नुपर्नेः</u>** (१) कार्यविधिमा उल्लेख भए बमोजिमको क्यान्टिनबाट विद्यार्थीलाई खुवाइने खाजा तथा खानामा गुणस्तर कायम गर्नु खाना तथा खाजा पकाउने र सामाग्री उपलब्ध गराउने प्रत्येक आमाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम भए/नभएको सम्बन्धमा वडास्थित स्वास्थ्य संस्थाले प्रत्येक महिना निरन्तर अनुगमन गरी कार्यालय र वडामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन आई परेमा द्विविधा वा बाधा अड्चन फुकाउन सक्नेछ।

**<u>अनुसूची १</u>**

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

मितिः २०   ।   ।

**<u>आमा समूह गठनका लागि विद्यालयले प्रकाशन गर्ने सार्वजनिक सूचनाको ढाँचा</u>**

सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री गाउँपालिका स्थापना गर्न **"विद्यालयमा आमा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ र चालु आर्थिक वर्षमा उक्त कार्यक्रम यस विद्यालयमा सञ्चालन गर्ने भनी तीनपाटन गाउँ कार्यपालिकाले छनोट गरेको छ। यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाल सरकारबाट उपलब्ध हुने दिवा खाजाको रकममा तीनपाटन गाउँपालिकाबाट समेत केही रकम थप गरी विद्यार्थीका आमाहरु सम्मिलित समूहलाई प्रोत्साहित गरी उक्त समूहबाटै विद्यालयमा क्यान्टिन सञ्चालन गर्दै स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त खाजा प्रत्येक विद्यार्थीलाई ख्वाउनका लागि विद्यार्थीको आमाहरु मात्र सम्मिलित हुने आमा समूह यस वडाका वडा अध्यक्षको रोहबरमा देहायमा उल्लिखित मिति समय र स्थानमा गठन गरिने भएकाले आमा भेलामा उपस्थित भई दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आमा भेला हुने-

स्थानः

मितिः

समयः

(.............................................)

प्रधानाध्यापक

**<u>अनुसूची २</u>**

(कार्यविधिको दफा १४ सँग सम्बन्धित)

विद्यालयमा खुवाइएको खाजा तथा खाना र अन्य अवस्थाको दैनिक अभिलेख

मितिः २०   ।   ।

| क्र.सं. | विद्यालयको क्यान्टिनमा खुवाइएको खाजा तथा खानाको विवरण | खाना तथा खाजा खाने विद्यार्थी संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

उल्लिखित बमोजिमको खाना तथा खाजा बनाउनका लागि देहायमा उल्लिखित आमाहरुबाट सामाग्रीहरु ल्याइएको थियो।

| क्र.सं. | सामाग्रीको नाम | सामाग्री उपलब्ध गराउने आमाको नाम | सामाग्रीको परिमाण (केजी वा लिटर) | अनुमानित मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

विद्यालयको वातावरणीय, भौतिक र शैक्षिक स्थितिको बारेमा देखिएका गतिविधिहरु बुँदागतरुपमा लेख्ने।

१. ......................................................................................................................

२. ......................................................................................................................

म स्वयंले विद्यालयको क्याण्टिनमा स्थानीय गुणस्तरयुक्त खाजा तथा खाना बनाई विद्यार्थीहरुलाई खुवाएको छु भनी सही छाप गर्ने आमाको-

नाम, थरः

हस्ताक्षरः

सम्पर्क नम्बरः

**आज्ञाले,**
**सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**तीनपाटन गाउँपालिका, सिन्धुली, बागमती प्रदेश, नेपाल**
**मितिः २०८०।०४।३२**